बैठक संख्या ११ समयः विहान १० बजे बैठक मिति २०८३।०२।२९

आज मिति २०८३ साल जेठ महिना २९ गतेका दिन यस नौगाड गाँउपालिकाका अध्यक्ष श्री दलजीत सिह धामीज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा नौगाड गाँउ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरुमा छलफल गरी निर्णयहरु पारित गर्दै सम्पन्न गरियो।

उपस्थिति

| क्रस | हस्ताक्षर | नाम थर | पद |
|---|---|---|---|
| १ | | श्री दलजीत सिह धामी | अध्यक्ष |
| २ | | श्री जगत सिह ठगुन्ना | उपाध्यक्ष |
| ३ | | श्री हरीलाल सिह महता | वडा अध्यक्ष वडा नं १ |
| ४ | | श्री नारायण सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं २ |
| ५ | | श्री राइ सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं ३ |
| ६ | | श्री कृष्ण सिह धामी | वडा अध्यक्ष वडा नं ४ |
| ७ | | श्री राम सिह धामी | वडा अध्यक्ष वडा नं ५ |
| ८ | | श्री राजेन्द्र सिह बोहरा | वडा अध्यक्ष वडा नं ६ |
| ९ | | श्री गणेश टमटा | कार्यपालिका सदस्य |
| १० | | श्री चन्द्रा टमटा | कार्यपालिका सदस्य |
| ११ | | श्री जोगी टमटा | कार्यपालिका सदस्य |
| १२ | | श्री नरमा धामी | कार्यपालिका सदस्य |
| १३ | | श्री बसन्ती ठगुन्ना | कार्यपालिका सदस्य |
| १४ | | श्री रुकमती ठगुन्ना | कार्यपालिका सदस्य |
| १५ | | श्री पुष्कर सिह धामी | प्रमुख प्रशासकीय अधिकृत |

आमन्त्रितः

तपसिलः

**प्रस्तावहरु:**

१. विपन्न नागरिक स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन कार्यविधि २०८३ सम्बन्धमा।
२. विद्यालय कर्मचारी  छनौट तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८३ सम्बन्धमा।
३. विपद पूर्वतयारी तथा प्रतिकार्य योजना सम्बन्धमा।
४. संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्व स्वीकृती  सम्बन्धमा।
५. गरिवी निवारण कोष परिचालन कार्यविधि २०८२मा संशोधन सम्बन्धमा।
६. धुलिगाडा खेडा मसानघाट जानेबाटो बनाउने सम्बन्धमा।
७. जिल्ला समन्वय समितिको सुझाव कार्यान्वयन सम्बन्धमा।
८. विविध।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
... गाउँपालिका

माथि उल्लेखित प्रस्तावहरुमा छलफल गर्दा भएका निर्णयहरु:

निर्णय नं १ विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन कार्यविधि २०८३ स्वीकृत गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं २ विद्यालय कर्मचारी छनौट तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०८३ स्वीकृत गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ३

नौगाड गाउँपालिकाको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न गाउँकार्यपालिकाको कार्यालयलाई स्वीकृत दिने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ४

नौगाड गाउँपालिका र अन्तर्गतको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्व स्वीकृति दिने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ५

नौगाड गाउँपालिकाको गरिवी निवारण कोष व्यवस्थापन कार्यविधि २०८२ को पहिलो संशोधन स्वीकृत गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ६
यस गाउँपालिकाको वडा न ६ धुलिगाडा खेडा देखि मसानघाट जानेबाटो तत्काल बनाउन जनगुनासो आएकोले प्राविधिक इस्टमेटका आधारमा आगामी आवमा भुक्तानी हुने गरी बाटो तत्काल बनाउन गाउँकार्यपालिकाको कार्यालय मार्फत ६ नम्वर वडा कार्यालयलाई सहमति दिने निर्णय सर्व सम्मत परित गरियो।

निर्णय नं ७
चालु आव २०८२।८३मा नौगाड गाउँपालिका भित्र सञ्चालन भएका विकास निर्माण कार्यमा सन्तुलन कायम भए नभएको सम्बन्धमा जिल्ला समन्वय समिति दार्चुलाले अनुगमन गरी दिएको प्रतिवेदनमा छलफल गरी उक्त प्रतिवेदनमा दिइएका सूझावहरुलाई कार्यान्वय गर्ने निर्णय सर्व सम्मत परित गरियो।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष
नौगाड गाउँपालिका